जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com


वर्ष १३ • अंक २०४ • २०८३ जेठ १ गते शुक्रवार • 15 May 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# एचआईभी एड्सको अवस्था मधेश प्रदेशमा चिन्ताजनक

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३१ बैशाख**

मधेश प्रदेशले वर्षौंदेखि एचआईभी एड्स विरुद्धको अभियान चलाउँदै आएको छ । एचआईभी एड्सको उपचार र जनचेतनाका अनेक प्रयास गर्दै आएको मधेश प्रदेश सरकारले दाबी गर्दै आएको छ । तर एचआईभी एड्सको अवस्था भने मधेश प्रदेशमा चिन्ताजनक रहेको एक तथ्यांकले पुष्टि गरेको छ ।

मधेश प्रदेशको ग्रामिण भेगदेखि सहरसम्म संक्रमणको जोखिम कायम रहँदा हजारौं नागरिक नियमित औषधिको भरमा जीवन धानिरहेका छन् । मधेश प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार आर्थिक वर्ष २०८१/०८२ मा मात्रै प्रदेशभर ४ हजार ६ सय ८० जना संक्रमित एन्टिरेट्रोभाइरल थेरापी -एआरटी) उपचारमा रहेका छन् । एचआईभी एड्सको उपचारको पहुँच विस्तार भए पनि संक्रमण नियन्त्रणको चुनौती भने अझै टरेको छैन । मधेश प्रदेश स्वास्थ्य




निर्देशनालयका एचआईभी एड्स तथा कुष्ठरोगका फोकलपर्सन राजवीर यादव परीक्षणको दायरा बढे पनि सामाजिक विभेद र लाञ्छनाका कारण धेरै संक्रमित अझै स्वास्थ्य सेवाको पहुँचबाहिर रहेको बताए । उनले मधेश प्रदेशमा सबैभन्दा बढी संक्रमित पर्सा जिल्लामा रहेका छन् ।

पर्सामा मात्रै १ हजार ५ सय ४ जना संक्रमित उपचारमा रहेको उनको भनाइ छ । मधेश प्रदेशको धनुषामा ८ सय ८६, सर्लाही मा ५ सय ५८, सिराहामा ४ सय ५७, रौतहट मा ४ सय २२, महोत्तरी मा ३ सय ७१, बारा मा २ सय ८८ तथा सप्तरी मा १ सय ९४ जना एचआईभी एड्स संक्रमित रहेका छन् । आर्थिक वर्ष २०८१/०८२ को तथ्यांकअनुसार मधेश प्रदेशभरि चार हजार ६ सय ८० जना संक्रमित फेला परेको छ । उनले जनाए अनुसार आर्थिक वर्ष २०७६/०७७ मा मधेश प्रदेशभर १४ हजार ६ सय २ जनाको एचआईभी परीक्षण गरिएको थियो । यो संख्या बढेर आर्थिक वर्ष २०८१/०८२ मा ७६ हजार ७ सय ९२ पुगेको छ । तथ्यांक अनुसार आर्थिक वर्ष २०७६/०७७ मा ४ सय संक्रमित फेला परेका थिए, भने २०७७/०७८ मा ४ सय ७५, २०७८/०७९ मा ६ सय ७५, २०७९/०८० मा ६ सय ६, २०८०/०८१ मा ५ सय १० र २०८१/०८२ मा ४ सय ७९ जनामा संक्रमण पुष्टि भएको छ । मधेश प्रदेशमा खुला सीमा, वैदेशिक रोजगारी, असुरक्षित यौन सम्पर्क, सुईमार्फत् लागुऔषध प्रयोग तथा यौनजन्य रोग संक्रमण फैलिने प्रमुख कारणका रूपमा रहेको उनको भनाइ छ ।

प्रदेश स्वास्थ्य निर्देशनालयले जनाए अनुसार मधेश प्रदेशमा १० सरकारी र १ गैरसरकारी एआरटी केन्द्र सञ्चालनमा छन् । यस्तै एचआईभी परीक्षण तथा परामर्श सेवा, भाइरल लोड परीक्षण, प्रारम्भिक शिशु परीक्षण लगायत सेवा पनि आठवटै जिल्लामा उपलब्ध छन् । चालु आर्थिक वर्षमा १६ जना गर्भवती महिलामा एचआईभी संक्रमण पुष्टि भएको निर्देशनालयले जनाएको छ ।

# अनुमति प्राप्त कक्षासम्म मात्रै पठनपाठन सञ्चालन गर्न निर्देशन



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३१ बैशाख**

जनकपुरधाम उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण संस्थागत (निजी तथा आवासीय) विद्यालयलाई अनुमति प्राप्त कक्षासम्म मात्रै पठनपाठन सञ्चालन गर्न निर्देशन दिएको छ ।

उपमहानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखाले बिहीबार सूचना जारी गर्दै शैक्षिक सत्र २०८३ देखि जुन विद्यालयले जति कक्षासम्म सञ्चालन अनुमति प्राप्त गरेको छ सोहीअनुसार मात्र कक्षा सञ्चालन गर्न आग्रह गरेको हो । सूचनामा अनुगमनका क्रममा वा अन्य कुनै माध्यमबाट नियमविपरीत विद्यालय सञ्चालन भएको पाइएमा त्यस्ता विद्यालयलाई अवैध सूचीमा राखी आवश्यक कारबाही गरिने चेतावनी दिइएको छ । अनुमति नलिई सञ्चालन भएका शैक्षिक संस्थामाथि पनि कानुनी प्रक्रिया अघि बढाइने उपमहानगरपालिकाले जनाएको छ । उपमहानगरपालिकाले अभिभावकलाई पनि सचेत रहन आग्रह गरेको छ । विद्यार्थी भर्ना गराउँदा सम्बन्धित विद्यालयले अनुमति प्राप्त गरेको छ वा छैन, साथै कुन कक्षासम्म अनुमति लिएको हो भन्ने विषय अनुमति पत्र हेरेर यकिन गर्न अनुरोध गरिएको छ । शिक्षा, युवा तथा खेलकुद विकास शाखाकी प्रमुख अन्जु पाण्डेयद्वारा जारी सूचनाको बोधार्थ जिल्ला प्रशासन कार्यालय धनुषा, शिक्षा विकास तथा समन्वय इकाई धनुषा तथा प्यावसन, एन-प्यावसन र एम-प्यावसनलाई समेत पठाइएको छ ।

## सामुदायिक विद्यालयको समन्वयको अभावमा निजि विद्यालयलाई शास्ति

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३१ बैशाख**

जनकपुरधाम उपमहानगरपालिका भित्र संचालनमा रहेका सामुदायिक विद्यालयहरुका समन्वय अभावका कारण निजि विद्यालयहरु शास्ति भोग्न बाध्य भएको बुझिएको छ ।
प्रत्येक वर्ष बैशाखमै भर्ना तथा कक्षा संचालन भए पनि यस वर्ष संघीय सरकारको आदेशानुसार बैशाख १५ देखि भर्ना तथा बैशाख २१ देखि कक्षा संचालन गर्न कडा निर्देशनका कारण भर्ना तथा कक्षा संचालन ढीलो भएको छ । यसर्थ विद्यालयहरुलाई संघीय सरकारले जेष्ठ महिनासम्म ईमिस ट्रान्सफर गर्न पाईने व्यवस्था गरे पनि सामुदायिक विद्यालयहरुले यो सूचना अभिभावकहरुलाई नदिई तुरुन्त ईमिस ट्रान्सफर नभए भर्ना रद्द हुने तथा कहि पनि पढन नपाउने जस्ता प्रधानाध्यापकको अभिव्यक्तिका कारण अभिभावक तथा विद्यार्थीहरु भयभित भई तुरुन्तै ईमिस ट्रान्सफर नभएको खण्डमा निजि विद्यालयलाई हुल बेइज्जत समेत गर्ने गरेको पाइएको छ ।

# जनकपुरधाम उपमहानगर शिक्षा शाखाको निर्देशन मजाक बन्दै गरेको आलोचना

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३१ बैशाख**

जनकपुरधाम उपमहानगर शिक्षा,युवा तथा खेलकुद विकास शाखाको निर्देशन मजाक बन्दै गरेको आलोचना हुन थालेको छ ।
जनकपुरधाम उपमहानगर शिक्षा,युवा तथा खेलकुद विकास शाखाको प्रमुख अन्जु पाण्डेयले २०८३ साल बैशाख २५ गते शुक्रबार च.नं.–९०२३ को पत्रानुसार शुल्क सम्बन्धमा सामुदायिक विद्यालयहरुलाई दिइएको निःशुल्क अध्यापनको निर्देशन पालना नभई खुलेआम नमुनादेखि माध्यमिक विद्यालयहरुले अबैध रुपमा अभिभावकहरुबाट शुल्क असुलि गरि रहेको पाइएको छ । नेपालको शिक्षा ऐन २०७५ तथा नियमावलि २०७७ बमोजिम विद्यार्थीहरुसँग कुनै पनि प्रकारको शुल्क नलिई भर्ना तथा विद्यार्थीहरुलाई अध्ययन–अध्यापन गर्न गराउन प्रष्ट भनिएको छ । यतिसम्म जानकारी हुँदा हुदै पनि केहि



सामुदायिक विद्यालयहरुले जनकपुर धाम उपमहानगर शिक्षा,युवा तथा खेलकुद विकास शाखाको निर्देशनलाई धज्जी उडाउदै मनोमानि रुपमा शुल्क असुलि कार्य बन्द नगरेको पाइएकोले जनकपुरधाम उपमहानगरका शिक्षाबिद,नागरिक समाज तथा अभिभावकहरुले दुःख व्यक्त गर्दै निर्देशन भए पनि कुनै परिवर्तन नदेखिएको भनी आलोचना गर्न थालेका छन् । जनकपुरधाम उपमहानगरको शिक्षा शाखाबाट विगतमा पनि शुल्क लगायतका कुराहरुमा सामुदायिक विद्यालयको अनुगमन तथा गलत गर्नेलाई कारबाही नगरिएकोले सामुदायिक विद्यालय प्रतिको जनआस्था घटेको अभिभावकहरुले आलोचना गर्न थालेका छन् । बिना बिलको शुल्क लिई र विना ईजाजतको अँग्रेजी माध्यममा कक्षा संचालन गर्ने गरेको समेत कडा आरोप लगाएका छन् ।

**धुम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं ।**

- धूम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउँछ,
- धूम्रपान स्वास्थ्यका लागि हानिकार छ,

**त्यसैले,**

- सार्वजनिक स्थानमा धूम्रपान नगरौं,
- किशोर-किशोरीहरुलाई धूम्रपानबाट टाढा राखौं,
- धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
- धुम्रपान नगर्ने वातावरण सिर्जना गरौं,
- आफ्नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,
- धूम्रपान त्याग्ने संकल्प गरौं,
- धूम्रपान विरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज नर्माण गरौं ।

**स्वस्थ जीवन, उन्नत भविष्यको आधार ।**

नेपाल सरकार
विज्ञापन बोर्ड




# शिक्षकलाई पर्याप्त प्रशिक्षणको जरुरी

अहिले कतिपय बुझ्ेका मानिसले समेत अब सामुदायिक विद्यालयको स्तर झन् खस्किन्छ, विद्यार्थी कमजोर हुँदै जान्छन्, एकै पटक माथिल्लो कक्षामा परीक्षा दिँदा सिकाइ कमजोर हुन्छ भन्ने हाउगुजी फैलाइरहेको देखिन्छ । तर वास्तविकता के हो भने आन्तरिक मूल्यांकनको सफलताले शिक्षकलाई अझ सक्रिय बनाउने छ । विद्यार्थीको दैनिक सिकाइमा शिक्षक निरन्तर जोडिनुपर्ने भएकाले यसमा जिम्मेवारी झन् बढ्ेको देखिन्छ । तर शिक्षकलाई पर्याप्त प्रशिक्षण नदिई, विद्यालयलाई तयारीबिना र अभिभावकलाई जानकारी नदिई सिधै लागू गरियो भने फितलो कार्यान्वयनको जोखिम भने अवश्य रहन्छन । राम्रो नीति पनि कमजोर कार्यान्वयनका कारण आलोचनाको विषय बन्न सक्ने देखिन्छ । सरकारले नीति ल्याउला, पाठ्यक्रम विकास केन्द्रले ढाँचा बनाउला, तालिम प्रदायक निकायले तालिम सञ्चालन गर्लान् तर, अहिलेको आवश्यकता छिटो समन्वय, स्पष्ट निर्देशन र प्रभावकारी अभिमुखीकरण रहेको देखिन्छ । शिक्षक तयार भएमात्र आन्तरिक मूल्यांकन प्रभावकारी हुन्छन । अभिभावक सचेत भएमात्र यसको उद्देश्य बुझिन्छन । विद्यालय जिम्मेवार भएमात्र विद्यार्थीको वास्तविक सिकाइ सुधार सम्भव हुने देखिन्छ ।

आन्तरिक मूल्यांकनलाई 'फेल हटाउने व्यवस्था' का रूपमा मात्र बुझ्नु ठूलो भूल हुनेछ । यो विद्यार्थीलाई सिकाउँदै, सुधार गर्दै र आत्मविश्वासी बनाउँदै अगाडि बढाउने प्रणाली रहेको देखिन्छ । यसको सफल कार्यान्वयनले सामुदायिक विद्यालयको सिकाइ सुधार्न सक्ने देखिन्छ । तर पर्याप्त तयारी, प्रशिक्षण र समन्वयबिना लागू गरियो भने राम्रो अवधारणा पनि विवाद र असफलताको जोखिममा पर्न सक्ने देखिन्छ ।

# शहीद कप महिला क्रिकेट लिग सुरु



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३१ बैशाख**

शहीद कप महिला क्रिकेट लिग प्रतियोगिता-२०८३ बिहीबारदेखि सुरू भएको छ । मधेश प्रदेशका खेलकूद तथा समाज कल्याण मन्त्रालयका निमित्त सचिव सुशिलकुमार साहले उद्घाटन गरेसँगै महिला क्रिकेट लिग प्रतियोगिता सुरु भएको हो । उद्घाटन खेलमा महोत्तरी महिला टोली २४ रन अन्तरले विजयी भएको छ । टस जितेर पहिलो ब्याटिङ रोजेका महोत्तरीले निर्धारित ओभरमा १ सय ३४ रन जोडेका थिए ।

जवाफी ब्याटिङ गरेका धनुषा २० ओभरमा ६ विकेट गुमाएर मात्र १ सय १० रन जुटाएका थिए । पहिलोपटक हुन लागेको महिला क्रिकेट लिग प्रतियोगिता आगामी जेठ ७ गतेसम्म संचालन हुने छ । मधेश प्रदेश क्रिकेट संघको सहकार्यमा मधेश खेलकूद परिषद्, जनकपुरधामले आयोजना गरेको शहीदकप महिला क्रिकेट लिग प्रतियोगितामा आठ टोली सहभागी छन् । प्रदेशका आठै जिल्लाबाट महिला क्रिकेट टोलीले सहभागिता जनाएको मधेश खेलकूद परिषद्का सदस्य सचिव शिवजी प्रसाद कानूले बताए । यसअघि बिहीबार बिहान जनकपुरधामस्थित रामजानकी बहुउद्देश्य अंतराष्ट्रिय रंगशाला जनकपुरधाम-१४ रजौल मैदानमा भएको उद्घाटन सत्रमा वक्ताहरुले खेलकूद महत्वबारे चर्चा गरेका थिए । खेलकूद तथा समाज कल्याण मन्त्रालयका निमित्त सचिव साहले शिक्षासँगै खेलकूदलाई पनि अघि बढाउनुपर्नेमा जोड दिए । खेलकूदले मानिसलाई स्वस्थ मात्र होइन, अनुशासितसमेत बनाउने गरेकाले सबै नागरिक कुनै नकुनै खेलमा आवद्ध हुनुपर्ने जिकिर उनले गरे । लामो समयदेखि निर्माणको पर्खाईमा रहेका रामजानकी बहुउद्येश्य अन्तराष्ट्रिय रंगशालामा अझै पूर्वाधार विकासको कार्यले गति लिन नसकेकोप्रति चासो व्यक्त गर्दै निमित्त सचिव साहले आफ्नो स्तरबाट हरसम्भव सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । आगामी आर्थिक वर्षमा खेलकूदका लागि बजेट छुटट्याउने घोषणा समेत गरेका थिए ।सो अवसरमा जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज साहले रामजानकी बहुउद्येश्य अन्तराष्ट्रिय रंगशाला निर्माण कार्यका लागि प्रदेश सरकारले संघीय सरकारसित समन्वय गरेर अघि बढनुपर्नेमा जोड दिए । जग्गा समस्या समाधान भइसकेपनि अन्य कार्यहरु के कति प्रगति भएको हो, उनले भने-यसमा मधेश प्रदेश सरकारले चासो लिनुपर्छ । नेपाल क्रिकेट संघ (क्यान) का उपाध्यक्ष रोशनकुमार सिंहले खेलकूदप्रति पुरुषको मात्रै होइन, महिलाको पनि आकर्षण बढ्दै गएको बताए । यसले मधेश र देशमा खेल अगाडि बढिरहेको संकेत गरिरहेकाले यसतर्फ सरोकारबालाहरु गंभीर हुन आवश्क रहेको उनले थपे । महोत्तरीकै पूजा महतोको चर्चा गर्दै उनले मधेशी महिलाले देशमा मात्रै होइन विदेशमा पनि नेपालको झण्डा फहराउन सफल भएको सुनाउँदै प्रतियोगितामा सहभागि खेलाडीहरुलाई पनि अनुशासित भएर उत्कृष्ट खेलको प्रदर्शन गर्नका लागि आग्रह गरे । धनुषा जिल्ला क्रिकेट संघका अध्यक्ष शोभाकान्त पाण्डेयले स्वागत मन्तव्य राखेको उद्घाटन सत्रमा मधेश खेलकूद परिषदका सदस्य सचिव कानूले खेलकै माध्यमबाट खेलकूदलाई व्यवसायिकरण गर्नुपर्नेमा जोड दिए । नेपालको झण्डा विदेशसम्म फहराउन सफल भएकी मधेशी महिलाहरुप्रति राज्यको ध्यानाकर्षण गराउने उद्येश्यले प्रथम पटक मधेश महिला क्रिकेट लिग आयोजना गरिएको उनले थपे । पहिलाको तुलनामा उत्कृष्ट गरेका खेलाडीहरुले अहिले राम्रो पुरस्कार राशी पाउने गरेकाले खेललाई गंभिरतापूर्वक लिएर अघि बढनुपर्ने धारणा उनको थियो ।

उद्घाटन सत्रमा जनकपुरधाम उपमहानगरपालिका वडा नं. १४ का वडाध्यक्ष पुण्यप्रताप यादव, मधेश खेलकूद परिषदका प्रशासन प्रमुख मो. जियाउल इस्लाम, शहीद कप महिला क्रिकेट लिग प्रतियोगिताका संयोजक दिपेन्द्र गोइत, प्रशिक्षण विभाग प्रमुख भरत यादव, खेलकूद परिषदका सदस्य लभ अधिकारी, इन्जिनियर शिवचन्द्र यादव, क्रिकेटका प्रशिक्षक नविन सिंह, स्थानीय अभियानी उदय यादव, मधेश खेलकूद परिषदका अमरजीत साह, अजित मिश्र, मधेश क्रिकेट संघका सदस्य सरोज मिश्र लगायतको उपस्थिति रहेको थियो ।

**क्रिकेटर संजना सम्मानित:** यसै साता सार्वजनिक भएको एसइई परीक्षामा उत्कृष्ट गरेकी धनुषाका महिला क्रिकेटर संजनाकुमारी भण्डारीलाई सम्मान गरिएको छ ।

जिल्ला क्रिकेट संघ धनुषाले भण्डारीलाई सम्मान गरेको हो । खेलकूद तथा समाज कल्याण मन्त्रालयका निमित्त सचिव साहले उनलाई सम्मानपत्र र पोशाक प्रदान गरेका थिए । जनकपुरधामको एक निजी विद्यालयबाट एसइई परीक्षामा सहभागि भण्डारीले ४ जीपीए ल्याउन सफल भएकी हुन् । उनको अभिभावकलाई समेत सम्मान गरिएको थियो ।

# धनुषा निर्माण व्यवसायी संघद्वारा सरकारविरुद्ध आन्दोलन सुरु




**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३१ बैशाख**

निर्माण सामग्रीमा भएको अस्वभाविक मूल्यवृद्धिका कारण निर्माण क्षेत्र गम्भीर संकटमा परेको भन्दै धनुषा निर्माण व्यवसायी संघले सरकारविरुद्ध आन्दोलन सुरु गरेको छ । संघले तत्काल मूल्य समायोजनको निर्णय नगरे जिल्लासहित देशभरका विकास निर्माणका काम बन्द गर्न बाध्य हुने चेतावनी दिएको छ । संघले बिहीबार प्रमुख जिल्ला अधिकारीमार्फत नेपाल सरकारलाई ज्ञापनपत्र बुझाउँदै डिजेल, बिटुमिन, डण्डी, सिमेन्टलगायत निर्माण सामग्रीको मूल्य लगातार बढ्दा निर्माण व्यवसाय धराशायी हुने अवस्थामा पुगेको जनाएको हो ।

निर्माण लागत अत्यधिक बढेपछि ठेक्का सम्झौताअनुसार काम सञ्चालन गर्न कठिन भएको व्यवसायीहरुको भनाइ छ । धनुषा निर्माण व्यवसायी संघका अध्यक्ष अशोककुमार चौधरीले नेपाल निर्माण व्यवसायी महासंघले यसअघि नै मूल्य समायोजनसम्बन्धी नीतिगत निर्णय गर्न सरकारलाई अल्टिमेटम दिएको स्मरण गराउँदै हालसम्म कुनै सुनुवाइ नभएकाले चरणबद्ध आन्दोलनमा उत्रिनुपरेको बताए । उनले सरकारले समयमै आवश्यक निर्णय नगरे देशभर सञ्चालनमा रहेका विकास निर्माणका आयोजना प्रभावित हुने चेतावनी दिँदै त्यसबाट उत्पन्न हुने सम्पूर्ण जिम्मेवारी सरकारकै हुने उल्लेख गरे । आन्दोलनअन्तर्गत संघका पदाधिकारी तथा व्यवसायीहरुले जिल्ला प्रशासन कार्यालय धनुषाको मुख्य गेट अगाडि धर्नासमेत दिएका छन् । शुक्रबार जिल्लाका विभिन्न विकासे कार्यालयहरुमा पनि ज्ञापनपत्र बुझाउने तथा धर्ना कार्यक्रमलाई निरन्तरता दिने कार्यक्रम तय गरिएको अध्यक्ष चौधरीले जानकारी दिए ।

## तपाईंको टुडे

मेष: पिछडेको साथी मिल्ने
वृष: अनावश्यक खर्चको संभावना
मिथून: विचार गरेर बोल्नुहोला
कर्कट: पढाईमा ध्यान दिनुपर्ने
सिंह: अनावश्यक चिन्ता
कन्या: खानपानमा समस्या आउने
तुला: मित्रतामा फाटो आउने
वृश्चिक: मनमा पछुतो आउने
धनु: लामो यात्राको योग छ
मकर: आम्दानी हुने
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव


श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु




### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# नौ वर्षपछि ट्रम्प चीनमा : चिनफिङसँग भेट, बोइङसँग ठूलो सम्झौता हुनसक्ने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३१ बैशाख**




अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार बेइजिङस्थित 'ग्रेट हल अफ द पिपुल'मा चिनियाँ राष्ट्रपति सी चिनफिङसँग भेटवार्ता गरेका छन् । राष्ट्रपति सी स्वयंले नौ वर्षपछि चीन पुगेका ट्रम्पलाई स्वागत गरेका थिए भने सो अवसरमा ट्रम्पलाई 'गार्ड अफ अनर' प्रदान गरिएको थियो ।

दुई नेताबीचको यो भेटवार्तालाई विश्वले निकै चासोका साथ हेरेको छ। यस भ्रमणको सबैभन्दा चर्चाको विषय अमेरिकी विमान निर्माता कम्पनी बोइङसँग हुन लागेको विशाल व्यापारिक सम्झौता हो। रिपोर्टहरूका अनुसार चीनले बोइङबाट करिब ९ लाख करोड रुपैयाँ बराबरको विमान खरिद गर्ने ठूलो सम्झौता गर्न सक्छ । यदि यो सम्झौता भएमा यो विश्वकै सबैभन्दा ठूला एभिएसन डिलमध्ये एक हुनेछ । व्यापार र प्रविधिलाई लिएर दुई शक्ति राष्ट्रबीच चलिरहेको तनावका बीच हुन लागेको यो बैठकमा व्यापारिक सन्तुलन, ट्यारिफ अर्थात् भन्सार शुल्क, सेमिकन्डक्टर र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) मा सहकार्य जस्ता गम्भीर विषयमा छलफल हुनेछ। यसका साथै ताइवान मामिला, क्षेत्रीय सुरक्षा, बजार पहुँच र लगानीका अवसरहरू पनि भेटघाटका मुख्य एजेन्डा रहेका छन् । राष्ट्रपति ट्रम्पसँगै अमेरिकाका टेक र फाइनान्स क्षेत्रका ठूला उद्योगपतिहरू पनि चीन पुगेका छन्। चिनियाँ राष्ट्रपति सी चिनफिङले यी व्यवसायीहरूसँग छुट्टै बैठक गर्ने कार्यक्रम छ । जहाँ लगानी र प्रविधि सहयोगका विषयमा विस्तृत संवाद हुनेछ । पछिल्ला केही वर्षदेखि अमेरिका र चीनबीचको सम्बन्धमा निकै उतारचढाव आइरहेको बेला ट्रम्पको यो भ्रमणले दुई देशबीचको आर्थिक र राजनीतिक सम्बन्धलाई नयाँ दिशा दिने अपेक्षा गरिएको छ ।

# शीघ्र सेवा प्रवाह र समस्या समाधानमा जुट्न परराष्ट्रमन्त्री खनालको निर्देशन आग्रह

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३१ बैशाख**



परराष्ट्रमन्त्री शिशिर खनालको अध्यक्षतामा बुधबार मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भएको छ ।

बैठकमा मन्त्रालयको कार्यसम्पादन, बजेट कार्यान्वयन र सेवा प्रवाहमा देखिएका चुनौतीहरूका बारेमा विस्तृत छलफल भयो । त्यस अवसरमा मन्त्री खनालले प्रभावकारी कार्यसम्पादनमा जोड दिँदै जनताका समस्या समाधानमा सबैको सहयोग अपरिहार्य रहेको बताए। उनले शीघ्र सेवा प्रवाह र कार्यक्षेत्रमा देखिएका अवरोधहरू हटाउन तत्परताका साथ प्रस्तुत हुन कर्मचारीहरूलाई निर्देशन दिए । समस्या समाधानका निम्ति आफ्नातर्फबाट आवश्यक सम्पूर्ण सहयोग रहने प्रतिबद्धता समेत मन्त्री खनालले व्यक्त गरेका छन् । बैठकमा आर्थिक वर्ष २०८२/८३ को हालसम्मको प्रगति समीक्षा र मूल्याङ्कन गरिएको थियो । मन्त्रालयगत कार्यान्वयन प्रक्रियामा देखिएका नीतिगत तथा व्यावहारिक अवरोधहरूलाई कसरी हटाउने भन्ने विषयमा सहभागीहरूले आ-आफ्नो धारणा राखेका थिए । बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टसहित मन्त्रालयका उच्च अधिकारीहरू र सम्बन्धित निकायका प्रतिनिधिहरूको उपस्थिति रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

# मानव बेचबिखनको बदलिँदो स्वरूप, उद्धार झन् जटिल

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३१ बैशाख**



नेपालमा मानव बेचबिखनको स्वरूपमा आएको तीव्र परिवर्तनले यसको नियन्त्रण र उद्धार प्रक्रियामा नयाँ तथा जटिल चुनौतीहरू थपिएको सरोकारवालाहरूले बताएका छन् ।

नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरो र स्थानीय तहका सरोकारवालाहरूले पछिल्लो समय वैदेशिक रोजगारी तथा आप्रवासनका नाममा हुने मानव बेचबिखनको अवस्था भयावह बन्दै गएको भन्दै चिन्ता व्यक्त गरेका हुन् । मानव बेचबिखन नियन्त्रणका लागि 'पीडितकेन्द्रित न्याय प्रणाली' आवश्यक रहेको विज्ञहरूको ठम्याइ छ । यसका लागि स्थानीय तहसम्म प्रभावकारी सूचना प्रणाली, अन्तर्राष्ट्रिय निकायसँग समन्वय र वैदेशिक रोजगारीमा जानेहरूको सूक्ष्म अध्ययन आवश्यक रहेको उनीहरूको सुझाव छ । साथै स्वदेशमै कृषि तथा उत्पादनमूलक क्षेत्रमा लगानी बढाएर वैदेशिक रोजगारीको बाध्यतालाई न्यूनिकरण गर्नुपर्नेमा पनि जोड दिइएको छ । नेपालमा मानव बेचबिखनको स्वरूप परिवर्तन हुँदै गएको र यसले जटिल चुनौती थपेको ब्युरोले जनाएको छ । ब्युरोका प्रहरी उपरीक्षक (एसपी) हरिबहादुर ओलीका अनुसार पछिल्लो समय वैदेशिक रोजगारी र आप्रवासनका नाममा हुने मानव बेचबिखन तथा ओसारपसारको अवस्था भयावह देखिएको छ । विगतमा अन्य प्रहरी एकाइमार्फत सम्पादन हुँदै आएको मानव बेचबिखनसम्बन्धी कार्यलाई विशिष्टीकृत ढङ्गले अघि बढाउन वि.सं. २०७५ सालमा ब्युरो स्थापना गरिएको हो । हालको 'मानव बेचबिखन तथा ओसारपसार ( नियन्त्रण) ऐन, २०६४' पुरानो भइसकेको र यसले मानव तस्करी, जबरजस्ती श्रम (फोर्स्ड लेबर) तथा आप्रवासनका नयाँ चुनौतीलाई पूर्ण रूपमा सम्बोधन गर्न नसकेको भन्दै ऐन संशोधनको प्रक्रिया अघि बढाइएको एसपी ओलीले जानकारी दिनुभयो ।

# फिल्मको प्रिमियरमा बेहुली गेटअपमा किन पुगिन् आँचल ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३१ बैशाख**



शुक्रबारदेखि प्रदर्शनमा आउने फिल्म 'एक मुट्ठी बादल'को प्रिमियर बुधबार साँझ भएको छ । बिग मुभिज कमलपोखरीमा आयोजित प्रिमिएरमाअभिनेत्री आँचल शर्मा भने बेहुली अवतारमा पुगेकी छन् । फिल्मकी मुख्य अभिनेत्री आँचल शर्माले डिजाइनर मनिस राईद्वारा तयार गरिएको रातो रंगकै गाउन र लामो घुम्तो लगाएर बेहुली अवातारमा हल पुगेकी हुन् । उनीसँगै महिला नौमती बाजा समूह पनि सहभागी थियो । साहारा शर्माद्वारा निर्देशित फिल्म प्रिमियरमा कलाकार र रंग पत्रकारको सहभागिता थियो ।

फिल्ममा आँचल शर्माले 'माइली' को भूमिका निर्वाह गरेकी छन्, जसको विवाहको तयारीको रमझम देखिन्छ । उनको पात्रमार्फत विवाहसँग जोडिएका भावनात्मक जटिलता, सामाजिक अपेक्षा र महिलाले भोग्ने व्यक्तिगत अनुभवलाई संवेनशील ढंगले प्रस्तुत गरिएको छ ।

फिल्म आफ्नो विवाह वरिपरि घुमेको भएकोले पनि कार्यक्रममा आफू विवाह पहिरनमा सहभागी भएको आँचलले बताइन् । एक मुट्ठी बादल नेपाली चलचित्रमा प्रायजसो नदेखाइने महिलाका भावना र अनुभवहरूमा आधारित छ रहेको निर्देशक सहारा शर्माले बताइन् । फिल्ममा आँचलको अलवा निशा शर्मा, उषा रजक, भीमा मैनाली, अस्मिता गौतम, शेखर चापागाईं, मनीष निरौला, सहयोग अधिकारी, गौरव विष्ट, अविरलप्रताप अधिकारी लगायतको अभिनय छ । फिल्मलाई अभिमन्यु दीक्षितले निर्माण गरेका हुन् भने निकुन श्रेष्ठ कार्यकारी निर्माताको रूपमा छन् ।

# डकुमेन्ट्री 'माटोदेखि मैदानसम्म' स्क्रिनिङसँगै एनकेएलको एन्थम सार्वजनिक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३१ बैशाख**




नेपाली कबड्डीको इतिहासलाई समेट्दै तयार पारिएको डकुमेन्ट्री 'माटोदेखि मैदानसम्म' वुधबार स्क्रिनिङ गरिएको छ । नेपाल कबड्डी लिग दोस्रो सिजन तयारीको क्रममा एनकेएल एन्थम सङ पनि सार्वजनिक गरियो ।

लबिम मल, पुल्चोकस्थित क्यूएफएक्समा आयोजित कार्यक्रममा स्क्रिनिङ गरिएको डकुमेन्ट्रीले भगवान् गौतम बुद्धले 'हूतुतु' को रुपमा कबड्डी खेलेको इतिहासलाई पनि देखाइएको छ । निशान शाहीद्वारा निर्देशित डकुमेन्ट्रीमा २०३४ सालमा स्थापित अखिल नेपाल कबड्डी संघ, त्यसको दुई वर्षपछि सुरु भएको राष्ट्रिय प्रतियोगिता, माओवादी जनयुद्धताका प्रतियोगिताविहिन ११ वर्षको कठिन अवधिलाई पनि देखाउने प्रयास गरिएको छ ।

यस्तै ढाका, बंगलादेशमा भएको ११ औं दक्षिण एसियाली खेलकुद (साग २०१०) मा नेपाली कबड्डी टिमले जितेको ऐतिहासिक पदक, नेपालमै आयोजित १३ औं साग २०१९ र ढाकामा भएको चौथो बंगबन्धु कपका उपलब्धि, चीनमा महिला टिमले हात पारेका १९ औं एसियाली खेलकुद २०२२ र छैटौं एसियन बिच गेम्स २०२६ का ऐतिहासिक कांस्यपदकलाई डकुमेन्ट्रीले सुखद पक्षको रुपमा समेटेको छ ।

# मधेसमा कुपोषण न्यूनीकरणका लागि प्रभावकारी समन्वय आवश्यक : सभामुख यादव

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, ३१ बैशाख**



मधेस प्रदेशसभाका सभामुख रामआशिष यादव ले कुपोषण न्यूनीकरण तथा मातृ-शिशु स्वास्थ्य सुधारका लागि प्रदेश सरकार, स्थानीय तह तथा सरोकारवाला निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताएका छन् ।

स्वास्थ्य निर्देशनालयद्वारा लालगढमा आयोजित तीनदिने 'प्रदेशस्तरीय पोषण नीति संवाद तथा शिखर सम्मेलन'को समापन समारोहलाई सम्बोधन गर्दै सभामुख यादवले पोषणको विषय केवल स्वास्थ्य क्षेत्रसँग मात्र सीमित नरही शिक्षा, कृषि, खानेपानी, सरसफाइ तथा सामाजिक चेतनासँग प्रत्यक्ष जोडिएको बताए ।

उनले मधेस प्रदेशमा अझै पनि बालबालिका तथा महिलामा कुपोषण गम्भीर चुनौतीका रूपमा रहेको उल्लेख गर्दै यसको न्यूनीकरणका लागि दीर्घकालीन नीति, व्यावहारिक योजना तथा प्रभावकारी कार्यान्वयन अपरिहार्य रहेकोमा जोड दिए ।

मधेस प्रदेशसभा अन्तर्गत महिला, बालबालिका तथा सामाजिक न्याय समितिकी सभापति रूपाकुमारी यादव ले महिलाको स्वास्थ्य, बालअधिकार तथा पोषण सुरक्षालाई प्राथमिकतामा राखेर नीति निर्माण गर्नुपर्ने बताइन्। उनले ग्रामीण तथा विपन्न समुदायमा अझै पनि पोषणसम्बन्धी चेतनाको अभाव देखिएको उल्लेख गर्दै स्थानीय तहसँग सहकार्य गरी व्यापक चेतनामूलक अभियान सञ्चालन गर्नुपर्ने धारणा व्यक्त गरिन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा. प्रमोद यादव ले पोषण र जनसङ्ख्याबीच प्रत्यक्ष सम्बन्ध रहेको बताउँदै जनसङ्ख्या वृद्धि, गरिबी, अशिक्षा तथा असन्तुलित खानपानका कारण कुपोषणको समस्या चुनौतीपूर्ण बन्दै गएको बताए।

तीनदिने सम्मेलनमा पोषण, मातृ तथा शिशु स्वास्थ्य, किशोरी पोषण, जनसङ्ख्या अवस्था, खाद्य सुरक्षा तथा पोषणमैत्री नीति कार्यान्वयनलगायत विषयमा पाँच वटा कार्यपत्र प्रस्तुत गरिएको स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

# जनकपुरधामको रजौलमा शहिद कप महिला क्रिकेट लिग प्रतियोगिता २०८३ सुरु

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, ३१ बैशाख**



महिला क्रिकेटको विकास, खेलाडीको प्रतिभा पहिचान तथा खेल क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले "शहिद कप महिला क्रिकेट लिग प्रतियोगिता २०८३" गुरुवारदेखि जनकपुरधाममा सुरु भएको छ। प्रतियोगिता रजोलस्थित श्रीराम जानकी अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा आयोजना गरिएको हो। मधेश प्रदेश खेलकुद परिषद्का सदस्य सचिव शिवजी प्रसाद

बांकी पृष्ठ ४ मा ।

# शिक्षा सुधारका लागि शैक्षिक र आर्थिक गतिविधि सँगसँगै

-जब नतिजाको प्रवृत्ति हरेक वर्ष नै उस्तै छ भने सम्बन्धित प्रदेशहरूले भविष्यमा पनि शैक्षिक, आर्थिक, सामाजिक प्रगति गर्ने सम्भावना पनि कमजोर हुन्छ । त्यसैले अहिल्यैदेखि तीनै तहका सरकार, विद्यालय, शिक्षक र अभिभावकले हरेक कक्षा तथा तहको शैक्षिक उपलब्धि उकास्न संवेदनशील भएर अभियान सञ्चालन गर्नु अनिवार्य छ ।

यस वर्ष एसईईको नतिजामा सुधार देखिए पनि सुदूरपश्चिम, मधेश, कर्णाली र लुम्बिनी प्रदेशमा शैक्षिक उपलब्धि औसतभन्दा कमजोर देखिएको छ । शैक्षिक सुधारका लागि शैक्षिक वातावरण र आर्थिक गतिविधि दुवै पक्षमा समानान्तर मिहिनेत गर्न आवश्यक छ । गरिबी, शिक्षकको अभाव, कमजोर निगरानी र अपर्याप्त लगानीका कारण कमजोर नतिजा आउने भएकाले यी पक्षलाई परिपूरक रूपमा सम्बोधन गर्नुपर्छ । गतवर्षको तुलनामा यस वर्ष एसईईको नतिजामा ४.१७ प्रतिशतले सुधार देखिएको भए पनि केही आधारभूत सवाल भने थप बलियो बनेको छ । खासगरी चार वटा प्रदेशहरू सुदूरपश्चिम, मधेश, कर्णाली र लुम्बिनीको नतिजा औसतभन्दा कमजोर देखिएको छ । यी तिनै प्रदेशहरू हुन्, जहाँ गरिबी उच्च छ । आर्थिक गतिविधि सुस्त छ । विषयगत शिक्षकको सहज उपलब्धता छैन । निगरानी प्रणाली बलियो छैन । कक्षागत र तहगत शैक्षिक उपलब्धि पनि कमजोर छ । परिणामत: हरेक वर्ष सार्वजनिक हुने एसईईको नतिजाले केही प्रदेशको शैक्षिक उपलब्धिलाई सार्वजनिक रूपमा अपमानित गर्ने भूमिका खेल्ने गर्छ । अतः एसईई वा अन्य कक्षागत र तहगत नतिजामा सुधार खोज्ने हो भने दुई पक्षबाट समानान्तर मिहिनेत गर्न जरुरी छ- शैक्षिक वातावरण र आर्थिक गतिविधिमा अभिवृद्धि । किनकि, यी दुई पक्षले सम्बन्धित क्षेत्रको शैक्षिक उन्नतिमा प्रत्यक्ष र अप्रत्यक्ष भूमिका खेल्ने गर्छन् र परिपूरकको काम गर्छन् ।

देशभरकै विद्यार्थीको शैक्षिक उपलब्धि बढाउन अपरिहार्य छ नै, सुदूरपश्चिम, मधेश तथा कर्णाली प्रदेशका लागि भने विशेष प्रयत्न अनिवार्य छ । परीक्षा केन्द्रमै उत्तरपुस्तिका परीक्षण गरिएको यस वर्ष एसईईमा ६५.९८ प्रतिशत उत्तीर्ण भएका छन्, अघिल्लो वर्ष ६१.८१ प्रतिशत मात्रै उत्तीर्ण भएका थिए । विज्ञहरूले नतिजामा सुधार आउनुमा उत्तरपुस्तिका परीक्षणमा ल्याइएको बदलावलाई पनि जोडेका छन् । यद्यपि, सुदूरपश्चिमबाट ५१ प्रतिशत, मधेशबाट साढे ५८ प्रतिशत, कर्णालीबाट ५९ प्रतिशत र लुम्बिनीबाट ६१ प्रतिशत विद्यार्थी मात्रै कक्षा ११ मा भर्नाका लागि योग्य भए । समग्रमा ६५.९८ प्रतिशत मात्रै उत्तीर्ण हुने विषय नै समस्यापूर्ण छ । त्यसमा पनि कुनै प्रदेशबाट आधा विद्यार्थी नै अनुत्तीर्ण हुने विषय चिन्ताजनक नै हो । खास वर्षमा मात्रै यस्तो नतिजा प्राप्त भएको भए तत्कालीन कारणलाई केन्द्रमा राखेर बहस गर्न सकिन्थ्यो । जब नतिजाको प्रवृत्ति हरेक वर्ष नै उस्तै छ भने सम्बन्धित प्रदेशहरूले भविष्यमा पनि शैक्षिक, आर्थिक, सामाजिक प्रगति गर्ने सम्भावना पनि कमजोर हुन्छ । त्यसैले अहिल्यैदेखि तीनै तहका सरकार, विद्यालय, शिक्षक र अभिभावकले हरेक कक्षा तथा तहको शैक्षिक उपलब्धि उकास्न संवेदनशील भएर अभियान सञ्चालन गर्नु अनिवार्य छ । अहिले पनि धेरै विद्यालयमा विषयगत शिक्षकको अभाव छ । शिक्षा मन्त्रालयकै तथ्यांकअनुसार सामुदायिक विद्यालयमा ५० हजारभन्दा बढी विषयगत शिक्षकको अभाव छ । अर्कोतर्फ, २०५७ देखि देशभरका कुनै पनि सामुदायिक विद्यालयमा एउटा पनि शिक्षक दरबन्दी थप हुन सकेको छैन । उपलब्ध शिक्षक र विद्यार्थीको अनुपात पनि असाध्यै असन्तुलित छ । जस्तो कि, मधेशमा १६ लाख २९ हजार विद्यार्थी पढ्छन्, त्यहाँ १७ हजार ५ सय ४४ शिक्षक छन् । जबकि, कोशीमा १० लाख ८७ हजार विद्यार्थीका लागि ३० हजार शिक्षक छन् । यस वर्ष कोशीबाट ७०.४४ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । भएकै शिक्षकलाई पनि टिकाउन मुस्किल छ । त्यस्तै, पाठ्यपुस्तक, सहयोगी कक्षा, पठनपाठन संस्कृति, बलियो निगरानी प्रणाली, जवाफदेहिता जस्ता पक्ष पनि कमजोर छ । धेरै थरी कारणले गर्दा विद्यार्थीले सम्बन्धित विषयले लक्षित गरेको शैक्षिक उपलब्धि भेट्टाउन कठिनाइ हुने गर्छ । तसर्थ, सरकारले राष्ट्रिय र स्थानीय समस्याको पहिचान गरेर शैक्षिक सुधारमा जोड दिनुपर्छ । शैक्षिक उपलब्धि कमजोर देखिनु




वा तह विशेषको नतिजा कमजोर आउनुमा शैक्षिक वातावरण मात्रै मुख्य कारण होइन, आर्थिक कारण पनि उल्लेखनीय हुने गर्छ । जस्तो कि एसईईको नतिजा कमजोर आएका प्रदेशहरूको प्रतिव्यक्ति आय पनि कमजोर छ । आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार प्रतिव्यक्ति जीडीपी अमेरिकी डलरमा सुदूरपश्चिमको ११५३, कर्णालीको १०८९ र मधेशको ९३२ छ । राष्ट्रिय तथ्यांक विभागका अनुसार सुदूरपश्चिममा ३४.१६, कर्णालीमा २६.६९ र मधेशमा २२.५३ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि छन् । त्यसैले कमजोर आर्थिक क्षमता रहेको प्रदेश र त्यहाँको कमजोर एसईई नतिजालाई अलग्याएर हेर्नै सकिँदैन, मिल्दैन । बरु यी दुई पक्षबीच अन्योन्याश्रित सम्बन्ध रहेकोमा प्रस्ट भई शैक्षिक सुधारलाई आर्थिक पक्षबाट पनि सम्बोधन गरिनुपर्छ । गरिबीले शैक्षिक उपलब्धि कमजोर तुल्याउन धेरै वटा कोणबाट भूमिका खेल्छ । पहिलो, सम्बन्धित परिवारले तुलनात्मक रूपमा अब्बल विद्यालयमा पढाउने सम्भावना नै कम रहन्छ ।

आ-आफ्नै गाउँठाउँको विद्यालयमा पढाउनुपर्दा पनि परिवारको बाध्यताका कारण उपयुक्त शैक्षिक वातावरण उपलब्ध गराउन सक्दैनन् । त्यसैले विद्यार्थीले जसोतसो पढाइलाई निरन्तरता दिने वा बीचमै छाड्ने हुन सक्छ । दोस्रो, विद्यालयले विद्यार्थीमैत्री शैक्षिक वातावरण उपलब्ध गराउन सक्दैन । पर्याप्त शिक्षक, पर्याप्त शैक्षिक सामग्री, विद्यार्थीमैत्री शैक्षिक गतिविधि, आधुनिक प्रविधि, विद्यार्थीको व्यक्तिगत आवश्यकतालाई ध्यान दिएर अतिरिक्त कक्षा सञ्चालन जस्ता काम गर्न सक्दैन । कैयौं विद्यालयलाई कक्षाकोठा व्यवस्थापन गर्नसमेत कठिन हुन्छ । आर्थिक रूपले कमजोर सरकारले पनि विद्यालयको भौतिक आवश्यकता पूर्ति गर्ने कि शैक्षिक वातावरणलाई अब्बल बनाउन लगानी गर्ने भन्ने अन्योल रहन्छ । शैक्षिक उपलब्धिमा आर्थिक पक्षको भूमिका हुने भएकैले वार्षिक बजेटको २० प्रतिशतसम्म शिक्षा क्षेत्रमा खर्चिनुपर्ने माग उठ्ने गरेको छ । तर हरेक वर्ष १० प्रतिशत हाराहारीमा मात्रै बजेट खर्च हुने गरेको छ । निष्कर्षमा, देशभरकै विद्यार्थीको शैक्षिक उपलब्धि बढाउन अपरिहार्य छ नै, सुदूरपश्चिम, मधेश तथा कर्णाली प्रदेशका लागि भने विशेष प्रयत्न अनिवार्य छ । तर त्यसका लागि शैक्षिक वातावरण अभिवृद्धिको एकतर्फी बहस र प्रयत्नले मात्रै सफलता प्राप्त हुँदैन । त्यसैले आर्थिक गतिविधि बढोत्तरीको विषयलाई पनि विशेष प्राथमिकता दिनुपर्छ । अर्थात्, यी दुवै पक्षलाई एकअर्काको परिपूरक बनाउनुपर्छ । अहिले एसईईको नतिजालाई नै सन्दर्भमा लिएर कमजोर नतिजा देखिएका प्रदेशमा ठूला, मझौला तथा घरेलु उद्योग खोल्ने तथा स्वरोजगारका विशेष अभियान चलाउनुपर्छ ।

**साभार : कान्तिपुर ।**

# जनकपुरधामको रजौलमा शहिद कप........................................................

कानु को अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा खेलकुद तथा समाज कल्याण मन्त्रालयका निमित्त सचिव सुशिल साह प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको थियो । कार्यक्रममा नेपाल क्रिकेट संघका केन्द्रीय उपाध्यक्ष रोशन सिंह, जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साह, मधेश प्रदेश खेलकुद परिषद्का कार्यकारिणी सदस्य लव अधिकारी लगायत विशिष्ट अतिथिहरूको उपस्थिति रहेको थियो। त्यसैगरी कार्यक्रममा मधेश प्रदेश खेलकुद परिषद्का प्रशासनिक प्रमुख मोहम्मद ज्याउल इस्लाम, तालिम तथा प्रशिक्षक विभाग प्रमुख भरत यादव, परिषद्सँग आबद्ध अजित मिश्रा लगायत खेल क्षेत्रसँग सम्बन्धित प्रमुख व्यक्तिहरूको सहभागिता रहेको थियो । कार्यक्रम संयोजक तथा मधेश प्रदेश खेलकुद परिषद्का सदस्य दिपेन्द्र कुमार गोइत ले महिला क्रिकेटलाई प्रदेशस्तरबाट राष्ट्रियस्तरसम्म पुऱ्याउने उद्देश्यसहित प्रतियोगिता आयोजना गरिएको बताउनुभयो। धनुषा जिल्ला क्रिकेट संघका अध्यक्ष शोभाकान्त पाण्डे ले स्वागत मन्तव्य व्यक्त गर्दै महिला खेलाडीलाई प्रोत्साहन गर्न यस्ता प्रतियोगिता प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो । सात दिनसम्म सञ्चालन हुने प्रतियोगिताको पहिलो दिन दुई खेल सम्पन्न भएका छन्। पहिलो खेलमा धनुषा र महोत्तरीबीच भएको प्रतिस्पर्धामा महोत्तरी विजयी भएको आयोजकले जनाएको छ। त्यसैगरी दोस्रो खेलमा सप्तरी र सिरहाबीच भएको प्रतिस्पर्धामा सिरहाले जित हात पारेको छ। प्रतियोगितामा मधेश प्रदेशका विभिन्न जिल्लाका महिला क्रिकेट टोलीहरूको सहभागिता रहेको छ। आयोजकका अनुसार प्रतियोगिताले महिला क्रिकेटप्रति आकर्षण बढाउनुका साथै नयाँ प्रतिभावान खेलाडी उत्पादन गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।






सिरहादेखि चौहर्वासम्मको सडक बाटोको पेटीमा ढकमक्क फुलेका मेरिगोल्ड बोटले मनमोहक सडक : फोटो : सुनिल यादव

**आगलागी**

**नशा होइन समाधान**
**यसले खोस्छ सबै इज्जत-सम्मान**
**परिवार अनि भविष्य सम्झेर लागुऔषधलाई**
**"हुदैन" भान ।**

**आमसंचार प्राधिकरण**
मधेश प्रदेश, जनकपुरधाम

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday